फोन नं.०५६-४१३१३५
Email : Kalikanagarpalika@gmail.co
Website : www. Kalikamunchitwan.gov

# कालिका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
३ नं प्रदेश, नेपाल

मितिः२०७७।०४।२६

प.स. : ०७७।७८
च.न. : २७२

विषयः निर्देशन पालना गर्ने गराउने सम्वन्धमा ।

श्री कालिका नगरपालिका अन्तर्गतका

सम्पुर्ण विद्यालयहरु,

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय चितवनको च.न. १०२३ र १०५७, मिति २०७७।०४।१९ को पत्रहरु यसैसाथ संलग्न छन् । संलग्न पत्र अनुसारको निर्देशन कार्यान्वयन गर्नु गराउनहुन अनुरोध छ ।

-----------------------------

नारायण प्रसाद बाग्ले

उपसचिव

**उप सचिव**

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चितवन

फोनः ०५६-५२१९४४
०५६-५२०१९८
०५६-५२०१०५
०५६-५३३३३०
फ्याक्स ०५६-५२०९४३

प.सं. ०७७/०७८ च.नं. १०२३ मितिः-२०७७।०४।१९

विषयः- विद्यालय संचालन नगर्ने सम्बन्धमा ।

श्री सबै विद्यालय,
चितवन ।

कोभिड-१९ को संक्रमण देशव्यापी रुपमा बढी रहेको सन्दर्भमा चितवन जिल्ला समेत कोभिड-१९ को संक्रमणको उच्च जोखिममा रहेको विदितै छ । नेपाल सरकार (मन्त्रीपरिषद्)को मिति २०७७/०४/०५ बमोजिम शिक्षण संस्था संचालन एवं पठन पाठन नगर्ने नगराउने भनि निर्देशन जारी भएको अवस्थामा जिल्ला भित्रका केही शैक्षिक संस्थाहरुले शैक्षिक गतिविधि संचालन गरेको भन्ने जानकारी यस कार्यालयलाई प्राप्त हुन आएकोले यस कार्यालयको ध्यानाकर्षण भएको छ ।

शैक्षिक गतिविधी एवं पठन पाठन गर्ने कार्यलाई अविलम्ब रोक्नु हुन सम्वन्धित सबैलाई सूचित गरिन्छ । यो सूचनालाई अवज्ञा गरी त्यस्ता कार्य संचालन गरे गराएको पाइएमा संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

राम बहादुर कार्की
सहायक प्रमुख जिल्ला अधिकारी

बोधार्थः-
श्री स्थानीय तह ७ वटै, चितवनः- तहाँ स्थानीय तह भित्र संचालित शैक्षिक संस्थाबाट हुने शैक्षिक गतिविधि नियमन तथा रोक्नुहुन अनुरोध छ ।

श्री शिक्षा विकास तथा समन्वय इकाई, चितवनः- आवश्यक समन्वय र सहजीकरण गरिदिनुहुन ।

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चितवन

फोनः ०५६-५२१९४४
०५६-५२०१९८
०५६-५२०१०५
०५६-५३३७३०
फ्याक्स ०५६-५२०७४७

प.सं. ०७७/०७८ च.नं. १०८६ मितिः-२०७७।०४।१९

विषयः- भेला/बैठक नगर्ने सम्बन्धमा ।

श्री जो जस संग सम्बन्धित छ ।

जिल्लामा कोभिड १९ को संक्रमण बढ्ने जोखिम रहेको व्यहोरा सर्वविदितै छ ।जिल्लामा केही सहकारीहरुले साधारणसभा, विद्यालयहरुले अभिभावक भेला तथा अन्यसंघ संस्थाहरुले विभिन्न भेला/बैठक संचालन गरेको भन्ने जानकारी यस कार्यालयलाई हुन आएको छ । यस्ता भेला/बैठकहरुबाट कोभिड १९ संक्रमणको जोखिम उच्च हुने भएको हुंदा यस्तो प्रकारका कुनै पनि गतिविधि संचालन नगर्नु नगराउनु हुन सम्बन्धित सवैलाई सूचित गरिन्छ । यो सूचनालाई अवज्ञा गरी त्यस्ता कार्य संचालन गरेको पाईएमा संक्रमक रोग ऐन, २०२० बमोजिम कार्वाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

०७७/४/१९
राम बहादुर शाही
प्रमुख जिल्ला अधिकारी

बोधार्थः-
श्री स्थानीय तह ७ वटै, चितवनः- आवश्यक समन्वय र सहजीकरण गरिदिनु हुन ।
श्री शिक्षा विकास तथा समन्वय इकाई, चितवनः- आवश्यक समन्वय र सहजीकरण गरिदिनु हुन ।
श्री गैरसरकारी संस्था महासंघ, चितवनः- आवश्यक समन्वय र सहजीकरण गरिदिनु हुन ।
श्री जिल्ला सहकारी संघ, चितवनः- आवश्यक समन्वय र सहजीकरण गरिदिनु हुन ।